राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ७५ २०८२ असोज २५ गते शनिवार (11 Oct. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## १५ सहसचिवको सरुवा

दैनिक समाचारदाता
काठमाडौं, २४ असोज । सरकारले १५ जना सहसचिवको सरुवा गरेको छ।
विहीबार बसेको मन्त्रिपरिषद् बैठकले राजपत्रांकित प्रथम श्रेणीका १५ सहसचिवको सरुवा गर्ने निर्णय गरेको सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदिश खरेलले जानकारी दिए।
'राजपत्रांकित प्रथम श्रेणीका १५ सहसचिवको सरुवा गर्ने, कामकाज गर्न खटाउने निर्णय भएको छ,' मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउने क्रममा उनले भने।

## मुख्यमन्त्री सिंहले २८ गते विश्वासको मत लिने



दैनिक समाचारदाता
जनकपुरधाम, २८ असोज । मधेश प्रदेशको मुख्यमन्त्री सतिशकुमार सिंहले असोज २८ गते प्रदेशसभाबाट विश्वासको मत लिनेहुनु भएको छ।
मुख्यमन्त्री सिंहले संविधानको धारा १८८ को उपधारा (२) बमोजिम असोज २८ गते विश्वासको मतका लागि व्यवस्था मिलाइदिन प्रदेशसभालाई शुक्रबार पत्राचार गर्नुभएको हो।
जनमत पार्टीबाटै मुखमन्त्री बन्नुभएका सिंहलाई जनमत पार्टी, नेपाली काँग्रेस र नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सिंहले राजीनामा नदिइ प्रदेशसभामै सामना गर्ने रणनीतिअनुसार असोज २८ गते विश्वासको मत लिनेगरी प्रदेश सभालाई पत्राचार गर्नुभएको हो।
यसअघि मधेश प्रदेशका प्रदेश प्रमुखको अह्वानवेगर मधेश प्रदेशमा नेकपा (एमाले), नेपाली काँग्रेस र जनमत पार्टीले संयुक्त रुपमा नेपाली काँग्रेस सँसदीय दलका नेता कृष्णा यादवलाई मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्तिका लागि ५८ जना प्रदेशसभा सदस्यको समर्थनसहितको दावीपत्र प्रदेश प्रमुखको कार्यालयमा पेश गरेको भएको थियो।
मुख्यमन्त्री सिंहको राजीनामा नआएको कारण प्रदेश प्रमुख कार्यालयले तत्काल कुनै प्रक्रिया चालेको छैन। असोज २८ गतेपछि मात्र मधेश प्रदेशमा मुख्यमन्त्री सिंह नेतृत्वकै सरकार रहनेकि नयाँ सरकार गठन हुने विषय टुङ्गो लाग्नेछ।

# सरकारको भूमिका विवादित, राष्ट्रपति चुनाव तयारीमा दलहरूसँग छलफलमा





दैनिक समाचारदाता
काठमाडौं, २४ असोज । नेकपा एमालेले अन्तरिम सरकारले मुलुकलाई निर्वाचनतर्फ होइन, अनावश्यक तनाव र मुठभेडतर्फ धकेल्न खोजेको आरोप लगाएको छ। त्यहीबेला राष्ट्रपति रामचन्द्र पौडेलले आगामी निर्वाचन तयारीका सन्दर्भमा राजनीतिक दलहरूसँग औपचारिक छलफल सुरु गर्नुभएको छ।

शुक्रबार भक्तपुरको गुण्डुमा बसेको एमाले सचिवालय बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले पत्रकारसँग कुरा गर्दै सरकारको कार्यशैलीप्रति गम्भीर आपत्ति जनाएका हुन्। उनले शान्तिपूर्ण प्रदर्शन गर्ने दलहरूलाई रोक्ने र प्रहरीलाई कुटपिट गरी हतियार लुट्नेहरूलाई सजिलै छाड्ने सरकारको निर्णयले मुलुकलाई तिक्तता, तनाव र मुठभेडतिर लैजान खोजिएको आरोप लगाए।

'गृहमन्त्रीको दबाबमा हतियार लुट्नेहरूलाई सजिलै छोड्ने, तर शान्तिपूर्ण प्रदर्शन गर्नेहरूलाई निषेध गर्नुले सरकारले चुनाव होइन, तनावतिर लैजान खोजेको देखिन्छ,' ज्ञवालीले भने, 'हामीले पनि यो सरकार बनाउने पक्षमा भूमिका खेलेका थियौं तर अहिलेका गतिविधि गम्भीर चिन्ताको विषय बनेका छन्।'

उनका अनुसार पार्टी बैठकले भदौ २३ गतेको जेनजी आन्दोलनबारे पनि गम्भीर समीक्षा गरेको छ। 'जेनजी युवाले उठाएको आवाज स्वाभाविक थियो। तर निषेधित क्षेत्र तोडेर परिस्थितिलाई हिंसात्मक बनाइयो, त्यसको गहिरो छानबिन हुनैपर्छ,' उनले भने। एमालेले भदौ २४ गतेको घटनालाई लोकतन्त्र, संविधान र इतिहासमाथिको ठूलो आक्रमणको रूपमा व्याख्या गरेको छ।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले चुनावी प्रक्रिया अघि बढाउन प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सबै दलहरूसँग शीतल निवासमा छलफल सुरु गर्नुभएको छ। छलफलमा अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की र सबै मन्त्री सहभागी छन्।

दलहरूको तर्फबाट नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र सचिव वर्षमान पुन सहभागी छन्। त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डीपी अर्याल, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानेन्द्र शाही, नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे, जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र नेपाल मजदुर किसान पार्टीका शीर्ष नेताहरू सहभागी छन्।


राष्ट्रपतिले निर्वाचन प्रक्रियामा राजनीतिक सहमति खोज्ने प्रयास थालेसँगै अन्तरिम सरकारको भूमिका र विपक्षी दलहरूको आलोचना राजनीतिक रूपमा निर्णायक चरणमा प्रवेश गरेको विश्लेषकहरूले बताएका छन्। एमालेले सरकारप्रति गम्भीर असन्तोष व्यक्त गरिरहेका बेला राष्ट्रपति सक्रिय भएपछि आगामी निर्वाचनको बाटो के दिशातिर मोडिन्छ भन्ने चासो बढेको छ।

## सरकारको मन्त्रिपरिषद् निर्णय सार्वजनिक इलाम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा



दैनिक समाचारदाता
काठमाडौं, २४ असोज । सरकारले मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गरेको छ। शुक्रबार सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकार सम्मेलन गर्नुहुँदै असोज २३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्नुभएको हो।
मन्त्रिपरिषद् बैठकले भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा भएको सार्वजनिक संरचनाको क्षतिको पुनःनिर्माण र मर्मत सम्भार, क्षतिबाट प्रभावितको लागि राहत तथा आर्थिक पुनःउत्थान र सार्वजनिक सेवा सुचारु गर्न, प्रतिनिधि सभाको निर्वाचन गर्न तथा यस आर्थिक वर्षमा भएका विपदबाट उत्पन्न विशेष परिस्थितिको लागि आवश्यक पर्ने रकम व्यवस्थापन गर्न चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाका लागि रकमान्तर गरी बजेट थप गर्नुपर्ने भएमा त्यस्तो आयोजनामा रकमान्तरको सीमा कायम नहुने गरी रकमान्तर गर्नेसम्बन्धी आदेश जारी गर्ने निर्णय गरेको छ।
नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षकहरु सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ, डम्बरबहादुर विश्वकर्मालाई नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गरी क्रमश : प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग, कार्य विभाग, प्रशासन विभाग र प्रदेश समन्वय विभागमा पदस्थापना गर्ने निर्णय बैठकले गरेको छ।
यस्तै, सरकारले तीन महिना अवधिको लागि इलाम जिल्लालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने भएको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



# "कान्तारा २" को विश्वब्यापी कमाइ ४०० करोड भारु

मुम्बई । ऋषभ सेट्ठी स्टारर कन्नाडा फिल्म 'कान्तारा च्याप्टर १'ले भारतीय बक्सअफिसमा उछाल ल्याएको छ। यो फिल्मले भारतीय बक्सअफिसमा केही कीर्तिमान रचेको जनाइएको छ।

फिल्मले प्रदर्शनको पहिलो साता विश्वब्यापी ४०० करोड भारु कमाइ गरेको एनडीटीभीले जनाएको छ। फिल्मले पहिलो साता भारतमा मात्र ३७९ करोड भारु (४२ मिलियन अमेरिकी डलर र विदेशबाट ८ मिलियन डलर (६७ करोड भारु)सहित कूल ५३ मिलियन डलर (४४६ करोड भारु) कमाइ भएको उल्लेख छ।

यो फिल्म अन्तर्राष्ट्रिय बजारमा रिलिज भएकै समयमा टेलर स्विफ्टको फिल्म 'पार्टी अफ अ शो गर्ल', पौल थोमस एन्डर्सनको 'वान ब्याटल आफ्टर एनदर' र 'अवतार २'को पुनः प्रदर्शन हलमा छन् । यी फिल्मको चुनौतीको बाबजुद ऋषभ सेट्ठी स्टाररले हलमा उत्कृष्ट कमाइ गरेको हो।

फिल्मले भारतमा दुसेरा (दशैं)को दिनमा ६१.८५ करोडको ओपनिङ गरेको थियो। शुक्रबार ४६ करोड भारु, शनिबार ५५ करोड भारु र आइतबार ६१.५ करोड भारुसहितसहित सप्ताहन्तमा ३३४.३५ करोड भारुको कमाइ भएको जनाइएको छ।

चौंथो दिनमा यसले राम चरण स्टारर 'गेम चेन्जर'को लाइफटाइम कलेक्सनलाई उछिनेको छ । कूल १७६ करोड भारु कमाएको सलमान खानको 'सिकन्दर'लाई यसले उछिनेको छ।

'कान्तारा च्याप्टर १' सन् २०२५ मा एकैदिन सर्वाधिक तेस्रो धेरै कमाउने फिल्म बनेको छ । रजनीकान्तको 'कुली'ले ६५ करोड भारु र पवन कल्याणको 'दे कल हिम ओजी'ले ६३.७५ करोड भारु कमाएका थिए।

यति मात्र होइन, यसवर्ष धेरै कमाउने शीर्ष १० को सूचीमा यो फिल्म समावेश भएको छ।

ऋषभ शेट्टीद्वारा लिखित र निर्देशित, 'कान्तारा अध्याय १' मा रुक्मिणी वसन्त, गुलशन देवैया र जयरामले मुख्य भूमिकामा अभिनय गरेका छन्। यो फिल्म सन् २०२२ को ब्लकबस्टर कान्ताराको प्रिक्वेल हो। यो फिल्मको कथावस्तु एक हजार वर्ष पहिले सेट गरिएको छ। निर्देशक सेट्ठीले फिल्मको तेस्रो श्रृंखला विकासक्रममा रहेको जनाएका छन्।

# अमिताभ बच्चनको फिल्म 'झुन्ड' का अभिनेताको निर्मम हत्या



नयाँ दिल्ली । अमिताभ बच्चनको फिल्म 'झुन्ड'मा अभिनय गरेका अभिनेता प्रियांशु ठाकुर उर्फ रुरुबाबु रविसिंह क्षेत्रीको निर्मम हत्या भएको छ । नागपुरको ओमसाई नगरमा साथी ध्रुवलालबहादुर साहुको साथमा प्रियांशु रक्सी पिइरहेका थिए।

उनीहरूबिच बहस भयो । पछि यो बहस झगडामा परिणत भयो । त्यसपछि आरोपीले प्रियांशुलाई तारले बाँधे, धारिलो हतियारले निर्मम हत्या गरेको एनबीटीले आफ्नो समाचारमा भनेको छ।

घटनापछि स्थानीय बासिन्दाहरूले प्रियांशुलाई अर्धनग्न अवस्थामा फेला पारेर प्रहरीलाई जानकारी दिए। प्रहरीले शव पोस्टमार्टमका लागि पठाए र आरोपीलाई पक्राउ गरेका छन्।

२१ वर्षीय प्रियांशुले २०२२ को फिल्म 'झुन्ड' मा अमिताभ बच्चनसँगै काम गरेका थिए । यही फिल्मले उनको पहिचान बनेको थियो । 'झुन्ड' को निर्देशन नागराज मञ्जुलेले गरेका थिए।

यो फिल्म बायोपिक स्पोर्ट्स ड्रामा थियो। फिल्मले स्लम सकरका संस्थापक विजय बरसेको जीवनलाई चित्रण गरेको थियो । फिल्म २०२२ को मार्च ४ मा रिलिज भएको थियो।

***आरोपी र मृतकविरुद्ध पहिले नै दर्ता भएका थिए मुद्दा***

प्रहरी स्रोतका अनुसार मृतकविरुद्ध चोरी, घरफोडी र आक्रमणसहित कुल १५ वटा मुद्दा दर्ता भएका थिए। अभियुक्त ध्रुवविरुद्ध पहिले नै पाँच वटा मुद्दा दर्ता भइसकेका छन्। प्रहरीले सम्पूर्ण मुद्दाको अनुसन्धान गरिरहेको छ। हत्याको वास्तविक उद्देश्य पत्ता लगाउने प्रयास गरिरहेको बताइएको छ।

# फेरि आमा बन्दै कमेडियन भारती सिंह

एजेन्सी




नयाँ दिल्ली । भारतीय कमेडियन भारती सिंह र उनको श्रीमान् हर्ष लिम्बाचिया छिट्टै दोस्रो सन्तानको माता-पिता बन्न लागेको खबर बाहिरिएको छ । यो जोडीको यसअघि एक छोरा छन्।

यसैबिच भारती सिंहले सामाजिक सञ्जालमा हर्ष लिम्बाचियासँगको एउटा सुन्दर तस्बिर सेयर गर्दै आफू फेरि आमा बन्न लागेको बताएकी छिन्।

फोटोमा हर्षले भारतीलाई अँगालो हालेको देखिन्छ । फोटोमा भारतीको 'बेबी बम्प' पनि प्रस्टै देखिन्छ । उनको यो पोस्टमा परिणति चोपडा, दिव्या अग्रवाल, नीति टेलर दृष्टि धामी, जेमी लिभर लगायत कयौं सेलिब्रेटी र फ्यानहरूले बधाई दिइरहेका छन्।

भारती र हर्षले २०१७ मा विवाह गरेका थिए। २०२२ को अप्रिलमा जोडीको पहिलो सन्तान जन्मियो। उनीहरूले छोराको नाम लक्ष्य लिम्बाचिया राखेका थिए। आफ्नो भ्लग र पोडकास्टमा भारती र हर्ष दुवैले बारम्बार दोस्रो सन्तानको इच्छा व्यक्त गर्दै आएका थिए।

# बलिदान'को कमाइ ४ करोड नाघ्यो



काठमाडौं । सिनेपाः बक्सअफिसमा सन्तोष सेन निर्देशित फिल्म 'बलिदान'को ग्रस कमाइ ४ करोड नाघेको छ।

बिहीबार बिहान १० बजेसम्म प्राप्त विवरणअनुसार, समीर भट्ट स्टारर फिल्मले प्रदर्शनको १० औं दिनसम्म देशब्यापी ४ करोड २६ लाख ८३ हजार ८७४ रुपैयाँ ग्रस कमाएको छ।

यो फिल्मको लगानी ६ करोड रहेको निर्देशक सेनले अन्तर्वार्तामा बताएका छन् । यसो हो भने, लगानी उठाउन फिल्मले बक्सअफिसमा मात्र कम्तीमा १४ करोड नेरु ग्रस कमाउनुपर्छ।

दशैं बक्सअफिसमा दीपेन्द्र के खनाल निर्देशित 'हरिबहादुरको जुत्ता'ले १० दिनसम्म ३ करोड ७५ लाख ४६ हजार २२२ रुपैयाँ ग्रस कमाएको छ।

मिलन तामाङ निर्देशित फिल्म 'माइतीघर'ले सोही अवधिसम्म २ करोड ६८ लाख १५ हजार, ९१३ रुपैयाँ ग्रस कमाएको बक्सअफिसमा उल्लेख छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एआईको लहरले युट्युबरको अस्तित्वमै संकट






काठमाडौं। विश्वकै सबैभन्दा चर्चित तथा धनी युट्युबर मिस्टर बिस्ट अर्थात् जिमी डोनाल्डसनले आर्टिफिसियल इन्टेलिजेन्सको विषयमा गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

उनका अनुसार यदि एआई टूलहरुले मानिसले जत्तिकै वा त्यो भन्दापनि उत्कृष्ट गुणस्तरको भिडियो बनाउन थालेमा आगामी दिनमा यो युट्युब क्रियटरहरुको भविष्यका लागि ठूलो खतरा बन्न सक्दछ ।

मिस्टर बिस्टले सोसल मिडिया प्लाटफर्म एक्समा लेखेका छन: एआईबाट तयार पारिएका र वास्तविक भिडियोको बीचमा फरक छुट्टाउन कठीन बनिसकेको छ। यसले कन्टेन्ट क्रियटरहरु र उनीहरुको आम्दानी दुबैको लागि विनाशकारी स्थिति पैदा गर्न सक्दछ ।

ओपन एआईले आफ्नो अत्याधुनिक भिडियो जेनेरेसन टूल Sora 2 लञ्च गरेसँगै युट्युबर मिस्टर बिस्टको यस्तो अभिव्यक्ति सार्वजनिक भएको हो ।

सोरा टू अहिले आइओएस प्रयोगकर्ताका लागि पनि उपलब्ध भएको छ। यो टूलको सहयोगमा प्रयोगकर्ताहरुले शव्दहरु मात्र लेखेर त्यसबाट निकै वास्तविक जस्तो देखिने भिडियोहरु बनाउन सक्दछन्।

उता फेसबुकको मातृ कम्पनी मेटाले पनि आफ्नो प्लाटफर्ममा AI–Only Feed सुरु गरेको छ, जसमा केवल एआईबाट बनाईएका पोस्ट तथा भिडियोहरु देखाइनेछ ।

विज्ञहरुका अनुसार यस प्रकारका प्रविधिहरुले युट्युब सामाग्री, कपिराइट सम्बन्धी अधिकार तथा सिर्जनात्मक पेशाहरुलाई गहन रुपमा प्रभावित गर्न सक्दछ ।

रोचक त के भने मिस्टर बिस्ट स्वयंले यसअघि एआईको प्रयोग गरिसकेका छन् । उनले आफ्नो प्लाटफर्म ViewStats मा एआई थम्बनेल जेनेरेटर लन्च गरेका थिए । यसबाट क्रियटरहरुले केही सेकेण्डमै आकर्षक थम्बनेल बनाउन सक्दथे ।

तर उक्त एआई टूलका विषयमा विवाद भयो । कतिपय मानिसहरुले उक्त टूलका कारण ग्राफिक डिजाइनरहरुको जागिरमा खतरा बढ्ने चिन्ता व्यक्त गरे । बढ्दो विरोध तथा प्रयोगकर्ताहरुको प्रतिक्रियाहरुपछि मिस्टर बिस्टले उक्त टूल बन्द गर्ने निर्णय गरेका थिए ।

मिस्टर बिस्टका अनुसार एआई एक उपयोगी टूल हो । तर यसले मानवीय सिर्जनशीलता तथा वास्तविक कलाकारको स्थान लिन सक्दैन ।

यदि यस प्रविधिमा नियन्त्रण कायम गर्न नसकिएमा युट्युब क्रियटरहरुको अस्तित्व र उनीहरुको आम्दानी दुबै खतरामा पर्नसक्ने उनको चिन्ता छ । एजेन्सीको सहयोगमा

# अमेरिकामा टिकटकको छुट्टै संस्करण

काठमाडौं । अमेरिकामा सामाजिक सञ्जाल टिकटकको स्वामित्व स्थानीय कम्पनीले खरिद गर्ने भएको छ ।

अमेरिकामा चल्ने टिकटकको स्वामित्व खरिद गर्न अनुमति दिने कार्यकारी आदेशमा राष्ट्रपति डोनाल्ड ट्रम्पले हस्ताक्षर गरेका हुन् ।




चीनको स्वामित्वमा रहेको टिकटकको अमेरिकी कारोबार त्यहींको स्थानी कम्पनी र अन्तर्राष्ट्रिय लगानीकर्तालाई बेच्ने निर्णयलाई कार्यान्वयन गर्ने कार्यकारी आदेशमा ट्रम्पले हस्ताक्षर गरेका समाचार संस्था रोयटर्सले उल्लेख गरेको छ ।

ट्रम्पले चिनियाँ स्वामित्वको टिकटक अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि खतरा रहेको बताउँदै बन्द गर्ने चेतावनी दिँदै आएका थिए ।

पछिल्लो कदमले सन् २०२४ मा बनेको कानुनअनुसार तोकिएका राष्ट्रिय सुरक्षा आवश्यकताहरू पूरा गर्ने ट्रम्पको दाबी छ । बाइटडान्सले अमेरिकी संस्करणको स्वामित्व बेचिहाले पनि बाँकी देशमा चल्ने ग्लोबल संस्करणको स्वामित्व भने उसैसँग रहनेछ ।

अमेरिकी प्रशासनले टिकटकको अमेरिकी प्रयोगकर्ता, सर्वर तथा सञ्चालनसम्बन्धी सम्पत्ति अमेरिकी लगानीकर्ताले स्वामित्व लिनुपर्ने अडान राखेको हो ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सका अनुसार टिकटकको अमेरिकी स्वामित्व खरिद गर्न कम्पनीको मूल्य करिब १४ अर्ब डलर तोकिएको छ । जुन विश्लेषकहरूले अनुमान गरेको भन्दा निकै कम हो । हाल टिकटकको माउ कम्पनी बाइटडान्सले भने कम्पनीको मूल्य ३३० अर्ब डलरभन्दा बढी रहेको दाबी गर्दै आएको छ ।यद्यपि ट्रम्पले बिहीबार सो कानुनको कार्यान्वयन जनवरी २० सम्म स्थगित गरेका छन् । अब पनि बाइटडान्सले टिकटकको अमेरिकी संस्करण नबेचेमा प्रतिबन्ध लगाउने अमेरिकाको चेतावनी छ ।यसबीच टिकटकको अमेरिकी सम्पत्ति विश्वव्यापी प्लाटफर्मबाट अलग गर्ने, अमेरिकी तथा अन्य लगानीकर्तालाई भेला गर्ने र चिनियाँ सरकारको स्वीकृति लिने प्रयास भइरहेको छ । बिहीबार ट्रम्पले चिनियाँ राष्ट्रपति सी चिनफिडले टिकटकको अमेरिकी स्वामित्व बेच्न अनुमति दिएका दाबी गरेका थिए । तर, अमेरिकास्थित चिनियाँ दूतावासले भने यसबारे हालसम्म कुनै प्रतिक्रिया दिएको छैन । आदेशअनुसार टिकटकको सिफारिस प्रणाली (एल्गोरिदम) अमेरिकी कम्पनीको नियन्त्रणमा हुनेछ । अमेरिकी संस्करणको टिकटक एपको एल्गोरिदमलाई पुनः तालिम दिइने र अमेरिकी सुरक्षा साझेदारले यसको निगरानी गर्ने समाचारमा उल्लेख छ ।

अमेरिकामा करिब १७० मिलियन टिकटक प्रयोगकर्ता छन् । ट्रम्पले राष्ट्रपतीय निर्वाचनमा आफ्नो जितको श्रेय टिकटकलाई दिएका छन् ।

टिकटकमा ट्रम्पको व्यक्तिगत अकाउन्टमा डेढ करोड फलोवर्स छन् । हालै ह्वाइट हाउसले पनि टिकटकमा आफ्नो आधिकारिक अकाउन्ट खोलेको छ ।

टिकटकको अमेरिकी संस्करण खरिद गर्न डेल टेक्नोलोजीका संस्थापक माइकल डेल, सञ्चार व्यवसायी रूपर्ट मर्डोकसहित केही ठूला लगानीकर्ताको सहभागिता रहने जनाइएको छ ।ओरेकल र सिल्भर लेक पार्टनर्सलगायतका अमेरिकी लगानीकर्ताले करिब ५० प्रतिशत हिस्सेदारी पाउनेछन् भने बाइटडान्सका हालका लगानीकर्ताले ३० प्रतिशतसम्म स्वामित्व पाउनेछन् । अमेरिका चल्ने टिकटकमा बाइटडान्सको हिस्सा भने २० प्रतिशतभन्दा कम हुने बताइएको छ ।

यद्यपि सम्झौताको विस्तृत विवरा अझै सार्वजनिक भइसकेको छैन । टिकटकको प्रमुख सम्पत्ति मानिने एल्गोरिदममा अझै बाइटडान्सकै प्रभाव रहने सक्नेमा अमेरिकी अधिकारीहरूको आशंका छ ।

चिनियाँ सञ्चारमाध्यमले बाइटडान्सले टिकटक अमेरिकी कारोबार पुनःसंरचना गर्दै नयाँ कम्पनी स्थापना गर्ने र ई-कमर्स, ब्रान्डिङ तथा अन्तर्राष्ट्रिय कारोबारसँगको समन्वय गर्ने जिम्मेवारी पाउने दाबी गरेका छन् ।यसबीच अमेरिकी रिपब्लिकन सांसदहरूले सम्झौताबारे प्रष्ट पार्न माग गरेका छन् । टिकटकसँगको नयाँ खरिद सम्झौताअनुसार चीनसँगको सम्बन्ध पूर्ण रूपमा तोडिएको सुनिश्चित गर्नुपर्ने उनीहरूको भनाइ छ । सम्झौताअनुसार नयाँ बोर्डमा सात सदस्य रहनेछन्, जसमा छ जना अमेरिकी र एक जना बाइटडान्सको प्रतिनिधि हुनेछन् ।

सन् २०२४ को कानुनअनुसार, यदि बाइटडान्सले अमेरिकी सम्पत्ति बिक्री नगरेमा जनवरी २०२५ सम्म टिकटकमाथि अमेरिकामा प्रतिबन्ध लाग्नेछ । आफू अनुकूल चलाउ अमेरिकी प्रशासनले नयाँ सम्झौतामा माउ कम्पनी बाइटडान्सको भूमिकालाई सीमित पार्न खोजेको देखिन्छ ।

# तिहारमा महानगरभित्र विदेशी फूल प्रतिबन्धित

काठमाडौं, २४ असोज । काठमाडौं महानगरपालिकाले तिहारमा विदेशबाट आयात गरिएको फूलमाला बिक्री वितरणमा रोक लगाएको छ ।

महानगर प्रहरी बलले आज यहाँ पत्रकार सम्मेलन गरी नेपाली किसानलाई प्रोत्साहन गर्नका लागि विदेशबाट आयात गरिएका फूलमाला प्रतिबन्ध गराउने निर्णय गरेको जानकारी दिएको हो । पत्रकार सम्मेलनमा महानगर प्रहरी बलका प्रमुख, नगर प्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेले स्वदेशमा उत्पादित फूलको प्रयोगलाई बढाउनका लागि महानगरले आगामी कात्तिक १ देखि ६ गतेसम्म ३२ स्थानमा फूल बिक्री केन्द्र स्थापना गरेको जानकारी दिनुभयो ।

“अवैध रुपमा विदेशबाट आयात गरिएका फूल बिक्रीमा प्रतिबन्ध लगाउनु र स्वदेशमा उत्पादित फूलको प्रयोगलाई बढाउनु नै हाम्रो उद्देश्य हो, अवैध रुपमा विदेशबाट आएका फूललाई महानगरपालिकाले जफत गर्नेछ”, उहाँले भन्नुभयो ।

महानगरपालिकाले काठमाडौँको नयाँबानेश्वरस्थित एनवी सेन्टर, शङ्खमुलको बिगमार्ट, नयाँ बानेश्वरको आइप्लेक्स मल,



मध्यबानेश्वरको सेल्सबेरी, बत्तिसपुतलीको फोनेक्स टावर, तीनकुनेचौर, सिफल चौर, चाबहिलको एसी कम्लेक्स, चाबहिल गणेशस्थान, केएल टावर, चाबहिल सेन्टर अगाडि, स्वयम्भुको धर्मचक्र पार्क, कालिमाटी ब्याङ्वेट, कालिमाटी धौखेलबाट बिक्रीवितरण गरिनेछ ।

यस्तै, कलङ्कीको भाटभटेनी, नयाँबजारको भ्याली कोल्डस्टोर्स, माछापोखरीको बुद्धमल, नयाँबसपार्क पुल, हाँडीगाउँको गणेशमन्दिर, सामाखुशीको कोइरालामार्ट, महाराजगञ्जको सेल्सबेरी, गोङ्गबुको बिगमार्ट, बालुवाटारको बिगमार्ट, पुतलीसडकको स्टार मल, अनामनगरको भाटभटेनी, सुन्धाराको काठमाडौँ मल, पुरानो बसपार्क, पुतलीसडकको न्यूप्लाजालगायतका स्थानबाट बिक्रीवितरण हुने महानगर प्रहरी प्रमुख पाण्डेले बताउनुभयो ।

त्यस अवसरमा नेपाल चेम्बर अफ कमर्शका कृषि, वन तथा जडीबुटी समितिका सभापति कृष्णमान श्रेष्ठले स्वदेशी फूल स्वदेशमा प्रयोग गर्ने मुख्य उद्देश्यका साथ विगत तीन वर्षदेखि काठमाडौँ महानगरपालिकाको समन्वयमा नेपाली फूललाई प्रोत्साहन गरिँदै आएको बताउनुभयो ।

नेपाल फ्लोलिकल्चर एशोसिएसनका अध्यक्ष राजेशभक्त श्रेष्ठले कृषक र राज्यलाई समृद्ध बनाउनका लागि महानगरले लिएको नीतिलाई कार्यान्वयनका लागि एशोसिएसनले सहयोग गर्ने बताउनुभयो ।

एशोसिएसनले नेपाली फूललाई प्रोत्साहन गर्नका लागि आगामी असोज २९ देखि कात्तिक २ गतेसम्म १८औं गोदावरी फूल प्रतियोगिताको आयोजना गर्न लागेको जानकारी दिनुभयो । एशोसिएसनले हाल काठमाडौँ उपत्यकामा तिहारका लागि ४० लाख माला खपत हुने अनुमान गरेको छ । नेपालमा उत्पादित फूलले नेपालको बजार धान्नसक्ने एशोसिएसनले जनाएको छ ।रासस


## नगराईन बचत तथा ऋण सहकारी संस्थाको आवश्यक सुचना

यहि मिति २०८२ असोज २५ गते नगराईन बचत तथा ऋण सहकारी संस्था लि.को ५ औं वार्षिक साधारण सभा हुन गईरहेकोले सम्पूर्ण शेयर सदस्यहरुहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल**

स्थान : नगराइन चौक

समय : विहान १०: ०० बजे

नगराईन बचत तथा ऋण सहकारी संस्था परिवार

अध्यक्ष

**रामसुवेदी दास**

# निष्पक्ष निर्वाचनका पक्षमा माओवादी केन्द्र अडिग छ : संयोजक दाहाल

काठमाडौं, २४ असोज । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनका पक्षमा आफू नेतृत्वको पार्टी रहेको बताउनुभएको छ ।




प्रेस सन्टर नेपालद्वारा आज ललितपुरमा आयोजित सम्पादकरूसँगको संवाद कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष दाहालले जिम्मेवार राजनीतिक दल, नागरिक समाज, बौद्धिक जगत् तथा आमसञ्चारमाध्यमको ध्यान निर्वाचनको वातावरण तयार गर्नेतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले आगामी फागुन २१ गते हुने निर्वाचनलाई सफल बनाई प्रतिनिधिसभामार्फत मुलुकलाई राजनीतिक निकास दिनुपर्ने धारणा व्यक्त गर्दै त्यसका लागि समाजका सबै तह तप्कासँग अनुरोध गर्नुभयो ।

देश अहिले इतिहासकै अत्यन्त अप्ठ्यारो अवस्थामा पुगेको भनी चिन्ता व्यक्त गर्दै अध्यक्ष दाहालले बदलिँदो राजनीतिक घटनाक्रमका बीच 'जेनजी पुस्ता'को भावना र मागलाई समेत सम्बोधन गर्नेगरी मुलुकको स्वाधिनता र स्वतन्त्रताका पक्षमा राष्ट्रिय सहमति कायम गर्नुपर्ने समय आएको बताउनुभयो ।

नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी केन्द्रसहितका कम्युनिष्ट घटकहरू, मधेस केन्द्रित राजनीतिक दलहरूजस्ता इतिहास भएका लोकतान्त्रिक राजनीतिक दलहरूबीचको राष्ट्रिय सहमतिमा निर्वाचन सम्पन्न गरी देशलाई राजनीतिक निकास दिनुपर्नेमा जोड दिनुभयो ।

जेनजी पुस्ताको मागलाई समेत समेटेर नेपालको संविधान संशोधन गरी समाजमा देखिएका निराशा र असन्तुष्टि सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले विकृति, विसङ्गति र भ्रष्टाचारको अन्त्यसहित सुशासन कायम गर्ने तथा मुलुकलाई आर्थिक समृद्धिको बाटोमा अघि बढाउनेतर्फ समग्र राष्ट्रको ध्यान जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

अध्यक्ष दाहालले अहिले पनि केही राजनीतिक दलका नेतामा अहङ्कार देखिएकामा आश्चर्य प्रकट गर्दै यसअघि गरेका कमीकमजोरीलाई सच्याएर जनतामाझ जानुको विकल्प राजनीतिक पार्टीहरूसँग नरहेको बताउनुभयो ।

जेनजी आन्दोलनको भावनालाई आत्मसात् गरी पार्टीको अध्यक्ष पदबाट संयोजकका रूपमा आफू रूपान्तरित भएको स्पष्ट गर्दै उहाँले आवश्यक परे संयोजकबाट पनि पछि हट्न तयार रहेको जानकारी दिनुभयो । सो संवाद कार्यक्रममा मूलधारका छापा, विद्युतीय तथा अनलाइन सञ्चारमाध्यमका करिब ३० जना सम्पादकहरूको उपस्थिति थियो । रासस

# जनकपुरधाममा अत्याधुनिक 'जनकपुर मधेश हस्पिटल' सञ्चालनमा

दैनिक समाचारदाता

जनकपुरधाम, २४ असोज । जनकपुरधाममा अत्याधुनिक सुविधा र अनुभवी चिकित्सक




टोलीसहित 'जनकपुर मधेश हस्पिटल प्रा. लि.' शुक्रबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ ।

उद्घाटन समारोहका प्रमुख अतिथि रामानन्दीय श्रीवैष्णव संघका अध्यक्ष तथा जानकी मन्दिरका छोटे महन्त रामरोशन दास वैष्णवले रिबन काटेर अस्पतालको सञ्चालनमा ल्याएका छन् ।

उहाँले मन्तव्य दिँदै भने, "जनकपुरधाममा यति व्यवस्थित र बहु-सेवायुक्त अस्पतालको स्थापना स्वास्थ्य क्षेत्रमा एउटा सकारात्मक क्रान्ति हो । यसले जनताको स्वास्थ्य सेवामा सस्तो र सहज पहुँच सुनिश्चित गर्नेछ।"

दुई अनुभवी स्वास्थ्यकर्मी चेत नारायण यादव र चन्द्रदीप ठाकुर (स्वास्थ्य सहायक) द्वारा सञ्चालित यस अस्पतालमा २४ घण्टा इमरजेन्सी सेवा, दैनिक ओपीडी, स्त्री तथा प्रसूति रोग, जेनरल सर्जरी तथा ल्याप्रस्कोपी सर्जरी, बाल रोग, जेनरल फिजिसियन, दन्त, आँखा, छाला, नाक-कान-घाँटी, हाड-जोर्नी तथा नसाको उपचार, साथै मानसिक रोग उपचार सेवा उपलब्ध छन्।

त्यसका साथै अस्पतालमा आधुनिक प्याथोलोजी ल्याब, भिडियो एक्स-रे, एक्स-रे सेवा र २४ घण्टा एम्बुलेन्स सुविधा पनि सञ्चालनमा छन्। ख्यातिप्राप्त चिकित्सकहरूबाट नियमित परामर्श तथा उपचार हुने भएकाले अब बिरामीलाई उपचारका लागि बाहिरका सहरमा धाउनुपर्ने आवश्यकता कम हुने अपेक्षा गरिएको छ।

सञ्चालक चेतनारायण यादवले भने, "हाम्रो प्राथमिकता सेवा, गुणस्तर र सन्तुष्टि हो। बिरामीले आफ्नै सहरमै सम्पूर्ण उपचार पाउन् भन्ने हाम्रो लक्ष्य हो।"

उद्घाटन कार्यक्रममा स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, पत्रकार, समाजसेवी तथा सर्वसाधारणको उपस्थिति थियो। सहभागीहरूले अस्पतालको सफाइ, सेवा र व्यवस्थापनको प्रशंसा गर्दै संस्थाको निरन्तर प्रगतिका शुभकामना व्यक्त गरे।

# टिकटक भिडियो बनाउन खोलामा हाम फालेका व्यक्ति मृत फेला

दैनिक समाचारदाता

बारा, २४ असोज । लगातार परेको अविरल वर्षाका कारण दुधौरा खोलाको पुलबाट यही असोज १९ गते हाम फालेको टिकटक भिडियो बनाउने क्रममा बेपत्ता भएका बाराको प्रसौनी गाउँपालिका(२ निवासी २१ वर्षीय विकी गोसाइँको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

उनको छ दिनपछि गण्डक जाने बङ्गरी पुल नजिक शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो । गोसाइँ असोज १९ गते आइतबार बिहान ८:३० बजे दुधौरा खोलाको पुलबाट हाम फालेका थिए । उनको सशस्त्र प्रहरी र नेपाली सेनाको गाताखोरले खोजतलास गरेको थियो । गोसाइँका साथमा हामफालेका २० वर्षीय अनुराग केशरवानी पौडेर नदी किनारमा आएका थिए ।

इलाका प्रहरी कार्यालय प्रसौनीका प्रमुख प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठका अनुसार, नेपाली सेनाका लप्टन नीरज राईको कमान्डमा २३ जना, सशस्त्र प्रहरी निरीक्षक इन्द्रजङ्ग थापाको नेतृत्वमा १० जना र प्रहरी सहायक निरीक्षक राजनारायण महतोको कमान्डमा १० जना गरी ४३ जनाको टोली मोटरबोट र गोताखोरको सहयोगमा खोजीमा खटिएको छ ।

सशस्त्र प्रहरी विपद् व्यवस्थापन गण निजगढका प्रहरी नायब उपरीक्षक सन्दीप अर्यालको नेतृत्वमा खोलाको एक किलोमिटर क्षेत्रमा तीव्र खोजबिन भइरहेको छ । खोजी दुधौरा खोलाको पुलदेखि फेटा गाउँपालिका(१ त्रिवेणीको झुलेङ्गे पुल, त्रिवेणीको नहर पुल, विश्रामपुर गाउँपालिका(५ नकटुवा हुँदै फेटा गाउँपालिका(२ चिलझपटीसम्म सञ्चालन गरिएको छ ।

# ओलीको सुरक्षामा भूपूसैनिक-प्रहरी र युवा संघ खटिने

दैनिक समाचारदाता

काठमाडौं, २४ असोज । सरकारले सुरक्षा कटौती गरेपछि पूर्वप्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको सुरक्षामा भूपू सैनिक, प्रहरी संगठन र राष्ट्रिय युवा संघका कार्यकर्ता खटिने भएका छन् ।

एमाले पोलिट ब्यूरो सदस्य महेश बस्नेतले यस्तो जनाकारी दिएका हुन् ।

'यो निर्णय नेतृत्वप्रतिको सम्मान मात्र होइन, राष्ट्रप्रतिको जिम्मेवारीको प्रतीक हो। जनताको विश्वासले उभ्याएको नेताको सुरक्षामा पनि जनता स्वयं उभिएका छन्' उनले भनेका छन् ।



सरकारले पूर्वप्रधानमन्त्री लगायतका उच्चपदस्थहरुले राखेका सुरक्षाकर्मीहरु घटाएपछि पार्टीका कार्यकर्ताहरु नै सुरक्षामा बस्न लागेका हुन् ।

यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सुरक्षामा वाइसिएल र पूर्वजनमुक्ति सेना राख्ने निर्णय गरेका थिए ।

# सिरहाबाट दुई क्विन्टल गाँजा बरामद

दैनिक समाचारदाता

सिरहा, २४ असोज । सिरहाबाट ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद भएको छ ।



सशस्त्र प्रहरी बलको गस्ती टोलीले आज बिहान भगवान् गाउँपालिका(२ स्थित बलान नदी किनारबाट २१९ किलो ४०० ग्राम गाँजा बरामद गरेको हो । यहाँस्थित सशस्त्र प्रहरी बलका प्रमुख नरेश भण्डारीका अनुसार खोला किनारमा लुकाइएको अवस्थामा नौ बोरा गाँजा बरामद भएको हो । खोला किनारमा गाँजा लुकाउने व्यक्ति वा समूहको खोजी जारी छ ।

# नेपाली सेनाको अपिल

दैनिक समाचारदाता

काठमाडौं, २४ असोज । नेपाली सेनाले आफ्नो सङ्गठनसम्बन्धी जानकारी लिन जनसम्पर्क तथा सूचना निर्देशनालयसँग सम्पर्क गरी यथार्थपरक सूचनाहरू सम्प्रेषण गरिदिन आमजनसमुदायमा अपिल गरेको छ ।

सेनाले आफ्नो धारणा र गतिविधिहरू नियमित रूपमा प्रेस विज्ञप्ति, प्रेस नोट र आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दै आएको तथ्यसमेत जानकारी गराएको छ ।

गत भदौ २३ र २४ गतेको विषम परिस्थितिलाई सामान्यीकरण गर्ने सम्बन्धमा नेपाली सेनाले वहन गरेको भूमिकाप्रति विद्वत्वर्ग, समाजसेवी, सञ्चारकर्मी तथा आमनागरिकबाट प्राप्त भएका विभिन्न राय, सुझाव तथा समालोचनात्मक अभिव्यक्तिप्रति आभारसमेत व्यक्त गरेको छ ।

आन्तरिक सुरक्षामा पर्न सक्ने असरलाई वस्तुपरक ढङ्गले मूल्याङ्कन गरी छिटोभन्दा छिटो शान्ति सुरक्षा कायम गर्ने उद्देश्यका साथ सेनाले आवश्यकतानुसार पहल गरेको समेत स्पष्ट पारेको छ ।

हालको संवेदनशील अवस्थामा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत संस्था र नेतृत्वलाई जोडेर विभिन्न प्रकारका टीकाटिप्पणी र धारणाहरू सम्प्रेषण भएकामा नेपाली सेनाको ध्यानाकर्षण भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४